# संघीय संसद
# प्रतिनिधि सभा
# अर्थ समिति

मिति: २०८०/०३/२१
बैठक संख्या: ०७
समय: बिहान १०:०० बजे

आज बसेको समितिको बैठकमा कृषि तथा पशुपन्छी विकास मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री, अर्थ मन्त्रालय र लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतसँग कृषकलाई आवश्यक पर्ने मलको तत्काल सहज र पर्याप्त उपलब्धता सुनिश्चित गर्न र सो समस्याको दिर्घकालीन समाधानका लागि छलफल भयो । समितिका माननीय सदस्यहरु र आमन्त्रित पदाधिकारी विच सो विषयमा छलफल भई देहायबमोजिमको निर्णय भयो :-

१. कृषकलाई आवश्यक पर्ने मलको तत्काल सहज र पर्याप्त उपलब्धता सुनिश्चित गर्न र वितरण प्रणालीमा सुधार गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने ।

२. आजको बैठकमा भएको छलफलमा सबै समस्याका विषयमा पर्याप्त जवाफ आउन नसकेको र यसका लागि आगामी बैठकहरूमा थप छलफल आवश्यक देखिएको सन्दर्भमा सम्बन्धित मन्त्रालयलाई आगामी बैठकमा थप तयारीसाथ विशेषत: देहायबमोजिम प्रश्नमा जवाफ र ठोस प्रस्तावसहित उपस्थित हुन निर्देशन दिने -

क. मागभन्दा निकै कम आपूर्ति भइरहेकोमा माग बमोजिम आपूर्ति गर्नुपर्ने जिम्मा कसको हो ?
ख. रासायनिक मल G-to-G model मा आपूर्ति गर्नमा के बाधा छ ? पेट्रोलियम पदार्थ जसरी नै सबै माग धान्ने गरी G-to-G आपूर्ति गर्दा सरकारले कति अनुदान दिनुपर्छ ? यसलाई कसरी viable र sustainable प्रणालीका रूपमा विकास गर्न सकिन्छ ?
ग. मल कारखाना स्थापना र सञ्चालन सरकारले गर्ने कि नीजि क्षेत्रलाई दिने ? नीजि क्षेत्रलाई दिने हो भने के-कस्ता शर्त राखेर दिने ?
घ. हाल भइरहेको परम्परागत जैविक मल उत्पादनमा वढोत्तरी गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्य सम्बद्ध निकायको भूमिका के हुन सक्छ ?
ङ. आवश्यकताभन्दा कम मल आपूर्ति भएको र आपूर्ति भएजति मलको वितरण समेत समयमा हुन नसकेको र सही ठाउँमा नपुगेको समस्याको समाधान कसरी गर्न सकिन्छ ?

३. समितिको बैठक अर्को सूचना नभए सम्मका लागि स्थगित गर्ने ।

रेखा उपाध्याय खनाल
समिति सचिव

विनोद कुमार चौधरी
सभापति/ज्येष्ठ सदस्य